# नरहरिनाथ गाउँपालिका
# विनियोजन ऐन, २०७५

नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मितिः २०७५।०३।१४

**प्रस्तावना:** नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नरहरिनाथ गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम नरहरिनाथ गाउँपालिकाको **विनियोजन ऐन, २०७५** रहेको छ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३५,४१,३८,२०१।- (पैतीस करोड एकचालीस लाख अठ्तीस हजार दुई सय एक)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त नरहरिनाथ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिने आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची -१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | शीर्षकको नाम | चालु खर्च रू | पूँजीगत खर्च रू | बित्तीय व्यवस्था | जम्मा रकम रू |
|---|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | ६,०९,३०,५७१।- | १२,४३,९६,०००।- | ० | १८,५३,२६,५७१।- |
| २ | वडा समिति | ० | ० | ० | ० |
| ३ | बिषयगत शाखा | २,७४,११,६३०।- | ० | ० | २,७४,११,६३०।- |
| ४ | विषयगत शाखा सशर्त | १४,१४,००,०००।- | ० | ० | १४,१४,००,०००।- |
| ५ | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | ० |
| ६ | लगानी ( शेयर/ऋण) | ० | ० | ० | ० |
|  | जम्मा | २२,९७,४२,२०१।- | १२,४३,९६,०००।- | ० | ३५,४१,३८,२०१।- |